# स्थानीय राजपत्र

चामुण्डाविन्द्रासैनी नगरपालिकाद्धारा प्रकाशित

खण्ड ७ (संख्या १४) चैत्र १७ गते २०८१ साल


स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (१) बमोजिम चामुण्डा विन्द्रासैनी नगरपालिकाको नगर कार्यपालिकाले बनाएको तल लेखिए बमोजिमको कार्यविधि सर्वसाधारणको जानकारीका लागि प्रकाशन गरिएको छ।

## भाग-२

# गैर सरकारी संस्था सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०८१

कार्यपालिकाबाट स्वीकृत मिति २०८१/१२/१५

**प्रस्तावना,**

चामुण्डाविन्द्रासैनी नगरपालिकाको क्षेत्राधिकार भित्र सामाजिक तथा विकासका क्षेत्रमा कार्यक्रम सञ्चालन गर्ने गैर सरकारी संघ संस्थाहरुसंग एकद्धार प्रणाली मार्फत आपसी सहयोग र साझेदारीका आधारमा यथार्थ एवं बस्तुगत समस्याको पहिचान मार्फत प्रभावकारी रुपमा कार्यक्रम सञ्चालन तथा परिचालन गरि दिगो विकासको लक्ष्यमा पुग्न आवश्यक कार्यविधि निर्माण गरि कार्यान्वयन गर्न बाञ्छनीय भएकाले,

चामुण्डाविन्द्रासैनी नगरपालिका नगर कार्यपालिकाले स्थानीय सरकार संचालन ऐन २०७४ को दफा १०२ तथा संघ संस्था दर्ता तथा नियमन सम्बन्धी ऐन, २०७८ को दफा १७ बमोजिम यो कार्यविधि बनाइ जारी गरेको छ।

## परिच्छेद १
## प्रारम्भिक

**१. संक्षिप्तनाम र प्रारम्भ :** (१) यस कार्यविधिको नाम "गैर सरकारी संस्था सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०८१" रहेको छ।

(२) यो कार्यविधि कार्यपालिकाको बैठकले पारित गरेको मितिदेखि प्रारम्भ हुनेछ।

**२. परिभाषा :** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा :-

(क) "अन्तर्राष्ट्रिय गैह्रसरकारी संघ, संस्था" भन्नाले बिदेशमा दर्ता भई नेपालमा सामाजिक तथा बिकासका क्षेत्रमा काम गर्ने गरि अनुमति पाएका संघ संस्थालाई सम्झनु पर्छ।

(ख) "उपप्रमुख" भन्नाले चामुण्डाविन्द्रासैनी नगरपालिकाको उप प्रमुख सम्झनु पर्छ।

(ग) "गैह्रसरकारी संघ, संस्था" भन्नाले लाभांस वा मुनाफा वितरण गर्ने उद्धेश्य नराखी प्रचलित नेपाल कानुन तथा स्थानीय कानून बमोजिम दर्ता भई सामाजिक क्षेत्रमा कार्य गर्ने संस्थाहरुलाई सम्झनुपर्छ।

(घ) "जिल्ला समन्वय समिति" भन्नाले दैलेख जिल्ला समन्वय समितिलाई सम्झनु पर्छ।

(ङ) "दातृ निकाय" भन्नाले समाज कल्याण, सामाजिक सेवा तथा बिकासका क्षेत्रमा काम गर्ने वा





सहयोग गर्ने बिदेशी सरकार, व्यक्ति वा संघ संस्था आदि सम्झनु पर्छ।

(च) "नगरपालिका" भन्नाले चामुण्डाविन्द्रासैनी नगरपालिकालाई सम्झनु पर्छ।

(छ) "परियोजना" भन्नाले गैह्रसरकारी संघ संस्थाले दाताको सहयोगमा वा आफ्नै श्रोत बाट निश्चित समयका लागि सञ्चालन गर्ने कुनै पनि योजना तथा कार्यक्रमलाई सम्झनु पर्छ।

(ज) "प्रमुख" भन्नाले चामुण्डाविन्द्रासैनी नगरपालिकाको नगर प्रमुखलाई सम्झनु पर्छ।

(झ) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले चामुण्डाविन्द्रासैनी नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृत सम्झनु पर्छ।

(ञ) "बिधान" भन्नाले गैर सरकारी संस्थाको बिधान सम्झनु पर्छ।

(ट) "बिषयगत समिति" भन्नाले चामुण्डाविन्द्रासैनी नगरपालिकामा गठित बिभिन्न विषयगत समितिलाई सम्झनु पर्छ।

(ठ) "सामाजिक सेवा तथा बिकास कार्य" भन्नाले नेपाली समाजको समतामुलक बिकास, सामाजिक रुपान्तरण, लोकतन्त्र मानवअधिकारको संरक्षण तथा प्रवर्द्धन, महिला, दलित, जनजाति, वालवालिका, जेष्ठ नागरिक, गरीब, अशक्त एवं अपाङ्ग, यौनिक अल्पसंख्यक तथा उपेक्षित समुदायको सर्वोपरी हित, जनचेतना, क्षमता बिकास सशक्तिकण, वकालत, सामाजिक परिचालन, उपभोक्ता अधिकार, आर्थिक बिकास, पूर्वाधार बिकास, सेवा एंव पुनर्स्थापना जलबायु परिवर्तन, बिपद् व्यबस्थापन, स्थानीय सुशासन लगाएतका समाजिक बिकासका लागि गरिने कार्य सम्झनु पर्छ।

(ड) "समिति" भन्नाले यस कार्यविधि बमोजिम गठन हुने गैर सरकारी संघ संस्था समन्वय, परिचालन तथा अनुगमन गर्न गठित समन्वय समिति सम्झनु पर्छ।

(ढ) "वडा अध्यक्ष" भन्नाले नगरपालिकाको सम्बन्धित वडाको वडा अध्यक्षलाई सम्झनु पर्छ।

## परिच्छेद-२
## निर्देशक सिद्धान्त, संघ सस्थाहरुको सुचीकृत र वर्गिकरण तथा सामाजिक विकास कार्यक्रम

**३. निर्देशक सिद्धान्तहरुको अवलम्वन गर्नुपर्ने :** गैर सरकारी संघ संस्था परिचालन सम्वन्धमा चामुण्डाविन्द्रासैनी नगरपालिका तथा गैर सरकारी संस्थाहरुले देहाय बमोजिम निर्देशक सिद्धान्तहरु अवलम्वन गर्नुपर्नेछ।

(क) चामुण्डाविन्द्रासैनी नगरपालिका र गैर सरकारी संस्थाहरुले एक अर्काको भूमिकालाई स्वीकार र सम्मान गर्ने।

(ख) दुवै पक्षको सबल र कमजोर पक्षको अध्ययन गरि एकअर्काको कमजोरी हटाई सबल पक्ष बढाउन सहयोग गर्ने।

(ग) दुवै पक्षले असमझदारी र अविश्वास हटाई विकासका चुनौतिहरूलाई वस्तुगत समझदारीबाट सम्बोधन गर्ने।

(घ) नगरपालिका र गैससका सम्बन्धहरू पारदर्शी, उत्तरदायी र लक्ष्यमूलक हुनुपर्ने।

(ङ) दुवै पक्षहरू दलगत राजनीतिक प्रभावबाट टाढा रहने।

(च) कार्यक्रम तर्जुमादेखि कार्यान्वयन तहसम्म लक्षित समुदायको संलग्नता हुनुपर्ने।

(छ) कार्यक्रम सुरु हुनु अगावै कार्यक्रमको अवधारणा प्रष्ट र लक्षित समुदायसित छलफल भएको हुनुपर्ने।

(ज) समाजका कमजोर पक्षलाई सबल र सक्षम बनाउन ध्यान दिएको हुनुपर्ने।

(झ) दुबै पक्षको समझदारीमा कार्यान्वयन हुने योजनाहरुको लगानी एकद्धार प्रणाली मार्फत हुनु पर्ने।

**४. सुचीकृत हुनुपर्ने :** चामुण्डाविन्द्रासैनी नगरपालिकामा काम गर्न चाहाने गैर संघ संस्थाहरुले नगरपालिकाले तोकेको समयावधिभित्र नियमानुसार सुचीकृत हुनुपर्नेछ।

**५. संस्थाहरुको सुची तयार गर्नुपर्ने :** नगरपालिकाले दफा ४ बमोजिम निर्धारित समयावधिभित्र

सुचीकृत हुनको लागि दरखास्त दिएका गैर सरकारी संघ संस्थाहरुलाई सुचीकृत गरि अनुसूची १ बमोजिमको ढाँचामा सुचीकृत प्रमाणपत्र उपलब्ध गराउनुपर्नेछ।

६. **वर्गिकरण गर्नु पर्ने :** (१) नगरपालिकाले दफा ५ बमोजिम सूची तयार गर्दा देहाय बमोजिम वर्गिकरण खुल्ने गरि छुट्टाछुट्टै सूची तयार गर्नुपर्ने छ।

(क) पेशागत संस्थाहरु (जस्तैः तालिम, परामर्श तथा अनुसन्धान गर्ने संस्थाहरु)

(ख) सामुदायिक विकास सम्वन्धी संस्थाहरु

(ग) महिला तथा वालवालीका सम्वन्धी संस्थाहरु

(घ) मानव अधिकारको प्रवर्धन गर्ने संस्थाहरु

(ङ) कृषि, वन, तथा वातावरण सम्वन्धि काम गर्ने संस्थाहरु

(च) जनस्वास्थ्य सम्वन्धि काम गर्ने संस्थाहरु

(छ) गरिवी निवारण सम्वन्धि काम गर्ने संस्थाहरु

(ज) सार्वजनिक नीतिमा अध्ययन गर्ने संस्थाहरु ९) अन्य प्रकृतिका संस्थाहरु

(२) बाह्य श्रोत परिचालन नगरी आन्तरिक श्रोत र स्थानीय श्रोतबाट मात्र परिचालन हुने धार्मिक संस्थाहरु, उपभोक्ता समुहहरु, सामुदायिक संस्थाहरु लगायतका सस्थाहरु नगरपालिकामा मात्र सूचिकत् गरी कार्य गर्न सकिनेछ। उक्त सस्थाको विधानमा उक्त बुंदा उल्लेख गरेको हुनुपर्नेछ र सो संस्थाको विधान नगरपालिकाबाट स्वीकृत भएको हुनुपर्नेछ।

७. **आवश्यक रणनीति अवलम्वन गर्न सक्ने :** नगरपालिकाले गैर सरकारी संस्था सञ्चालन सम्बन्धी देहाय बमोजिम आवश्यक रणनीति अवलम्वन गर्न सक्नेछ :-

(क) गैरसरकारी संघ संस्थाहरुलाई नगर क्षेत्रको विकासको निम्ति विकासको साझेदारको रुपमा स्थापित गर्ने,

(ख) गैरसरकारी संस्थाका प्रमुख कार्यक्षेत्र यकिन गरि सहकार्यको आधारमा कार्यक्रम संचालन गर्ने,

(ग) गैरसरकारी संस्थाहरुको कामको मूल्यांकन गरि प्रोत्साहन तथा नियमन गर्ने,

(घ) गैरसरकारी संस्थाहरुलाई क्षमता विकास एवं कार्यहरुमा प्रबर्द्धनकारी भुमिका निर्वाह गर्ने,

(ङ) गैरसरकारी संस्थाहरुलाई लक्षित वर्ग, जोखिमग्रस्त समुदाय एवं पिछडिएको क्षेत्रमा एवं नगरपालिकाले तोकेको प्राथमिकता प्राप्त क्षेत्रमा कार्य गर्न प्रोत्साहित गर्ने।

८. **सामाजिक विकास कार्यक्रम सञ्चालन गर्न सक्ने :** नगरपालिकाले गैर सरकारी संघ संस्थाहरु मार्फत देहाय बमोजिम सामाजिक विकासका कार्यक्रमहरु सञ्चालन गर्न सक्नेछ।

(क) नगरपालिकाले सामाजिक परिचालन, नागरिक अधिकार, सामाजिक सचेतना तथा विकास कार्यक्रमहरु समाजिक संघ संस्थाहरु मार्फत गर्न सक्नेछ।

(ख) सामाजिक परिचालन लगायतका कायर्हरु गर्दा दफा ५ बमोजिम सुचीकृत संघ संस्थालाई प्राथमिकता दिइ समन्वय र साझदोरी गर्नेछ।

(ग) संस्थाले आफनो उद्देश्य अनसुारका कायर्क्रमहरुमा खर्च गर्नेगरी आफ्नो श्रोत निर्माणका लागि आयमुलक कार्यक्रमहरु संचालन गर्न सक्नेछन्।

(घ) नगरपालिकाले सामुदायिक विकासको क्षेत्रमा कार्यरत सम्पूर्ण संघसंस्थाहरुको सूची अद्यावधिक गरी कार्यक्रम तथा लगानीमा हुने दोहोरोपन हटाउन सक्नेछ।

९. **दिगो विकास सम्बन्धी कार्यक्रम सञ्चालन गर्न सक्ने :** नगरपालिकामा दिगो विकास सम्बन्धी कार्यक्रमहरु सञ्चालन गर्दा नगरपालिकाले जनचेतनामूलक, सामाजिक परिचालन, क्षमता विकास, सशक्तिकरण, आयआर्जन तथा आर्थिक उपार्जन एवं पूर्वाधार विकासका क्षेत्रमा देहाय बमोजिमका कार्यक्रमहरुलाई प्राथमिकता दिई विशेष कार्यक्रमहरु छनौट गरी साझेदारीमा सञ्चालन गर्नेछ।

(क) महिला, बालबालिका, किशोर किशोरी, युवा, ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति, यौनिक अल्पसंख्यक, आदिवासी/जनजाति, दलित, विपन्न, असहाय, पछाडि पारिएका, एकल महिला, एच.आइ.भी. प्रभावित तथा संक्रमित, विपद प्रभावित, सिमान्तकृत समुदायको हित र कल्याण





सम्बन्धी कार्यक्रम,

(ख) रोजगार एवं स्वरोजगार सिर्जना सम्बन्धी कार्यक्रम,

(ग) स्थानीय विकासका लागि सहभागिता अभिवृद्धि गर्ने र समावेशिकरण, लैङ्गिक मूलप्रवाहीकरण रसशक्तीकरण सम्बन्धी कार्यक्रम,

(घ) ऐन, कानुन, मानव अधिकार, लोकतन्त्र, सुशासन संरक्षण तथा प्रवर्द्धनात्मक हुने खालका कार्यक्रम,

(ङ) स्रोत साधनमा पछाडि पारिएका समुदायहरुको पहुँच, स्वामित्व र नियन्त्रण वढाउने कार्यक्रम,

(च) कृषि उत्पादन, खाद्य सुरक्षा तथा पोषण सम्बन्धी कार्यक्रम,

(छ) सामाजिक कुरीति तथा अन्धविश्वास विरुद्धको अभिईान तथा कार्यक्रम,

(ज) गरिबी निवारण, आयआर्जन तथा सीप विकास सम्बन्धी कार्यक्रम,

(झ) नागरिक कर्तव्य तथा दायित्व सम्बन्धी सचेतना कार्यक्रम,

(ञ) वन तथा वातावरण संरक्षण, जलवायु परिवर्तन, अनुकुलन तथा प्रभाव न्यूनिकरण एवं विपद जोखिम न्यूनीकरण सम्बन्धी कार्यक्रम,

(ट) स्वास्थ्य जनचेतना अभिवृद्वि तथा सेवा प्रवाहसम्बन्धी कार्यक्रम,

(ठ) आधारभूत तथा माध्यामिक, प्राविधिक शिक्षाका शैक्षिक उद्देश्य परिपूर्ति गर्ने सम्बन्धी कार्यक्रम,

(ड) खानेपानी, सरसफाई, जलश्रोत व्यवस्थापन, लघु तथा बैकल्पिक उर्जा विकास कार्यक्रम,

(ढ) भौतिक पूर्वाधार विकास निर्माण तथा मर्मत सम्बन्धी कार्यक्रम,

(ण) दीगो विकास लक्ष्यलाई परिपूर्ति गर्ने सम्बन्धी कार्यक्रम

## परिच्छेद ३

## समन्वय समिति, कार्यक्रम सञ्चालन र समन्वय सम्बन्धी व्यवस्था

१०. **समन्वय समिति गठन हुने :** (१) नगरपालिकामा काम गर्ने गैर सरकारी संघ संस्थाहरुसंग कार्यक्रम सञ्चालन गर्दा समन्वय र साझेदारी गर्न देहाय बमोजिम एक समन्वय समिति गठन हुनेछ।

(क) नगरपालिकाको उप प्रमुख -संयोजक

(ख) प्रमुख प्रशासकीय अधिकृत -सदस्य

(ग) नगरकार्यपालिकाको संस्थागत तथा क्षमता विकास समिति संयोजक -सदस्य

(घ) प्रशासन, योजना तथा अनुगमन शाखाको प्रमुख -सदस्य

(ङ) नगरपालिकामा कार्य गर्ने गैसस हरुमध्येबाट कम्तीमा १ जना महिला सहित समावेशी हुने गरी नगर कार्यपालिकाको सिफारिसमा प्रमुखले मनोनित गरेको २ जना प्रतिनिधि -सदस्य

(च) नगरपालिका क्षेत्र भित्रका सामुदायिक संघसंस्था मध्येबाट महिला सहित समावेशी हुने गरी नगर कार्यपालिकाको सिफारिसमा नगर प्रमुखले मनोनित गरेको २ जना प्रतिनिधि -सदस्य

(छ) गैर सरकारी संघ संस्था समन्वय शाखा प्रमुख -सदस्य सचिव

(२) समितिको बैठकमा आवश्यकता अनुसार सम्बन्धित क्षेत्रमा विज्ञता प्राप्त व्यक्ति/संस्थालाई आमन्त्रित सदस्यको रुपमा राख्न सकिनेछ।

(३) समन्वय समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछन् :-

(क) गैरसरकारी संस्थाहरु परिचालन सम्वन्धि नीति तर्जुमा एवं समसामयिक कार्यक्रमहरु परिमार्जन गरी स्वीकृतीका लागि नगर कार्यपालिकामा पेश गर्ने,

(ख) गैससहरुका बजेट तथा कार्यक्रमहरु तर्जुमा गरि स्वीकृतिका लागि नगरपालिकाको कार्यपालिकामा पेश गर्ने,

(ग) गैससहरुको क्षमता विकासमा सहयोग पुऱ्याउने,

(घ) गैससहरुको अनुगमन उनीहरुका कार्यको मूल्याङ्कन गरि उत्कृष्ट कार्य गर्नेलाई पुरस्कार र नराम्रो कार्य गर्नेलाई उचित नियमनका उपायहरु अपनाउने,

(ङ) गैससका कार्यहरुको मूल्यांकनका आधार, सुचक, एवं कार्यविधि र ढाँचा समेत तयार गर्ने
(च) गैससहरुको परिचालन एवं व्यवस्थापन सम्बन्धी आवश्यक फारम, ढाँचा, कार्यविधि तयार गर्ने,
(छ) अन्य आवश्यक कार्य गर्ने ।

११. **पदावधी सम्बन्धी व्यवस्था :** दफा ९ बमोजिम गठित समितिका सदस्यहरुको पदावधि देहाय बमोजिम हुनेछ :-
(क) समितिका पदेन सदस्य बाहेकका अन्य सदस्यहरुको पदावधि ३ वर्षको हुनेछ ।
(ख) पदेन सदस्य बाहेक अन्य सदस्यहरु पुन: मनोनयन हुन सक्नेछन ।

१२. **कार्यलय तथा कर्मचारी व्यावस्थापन :** (१) नगरपालिकामा गैसस सञ्चालन तथा व्यवस्थापन र समन्वयको लागि एक छुट्टै शाखा स्थापना गर्न सकिनेछ ।
(२) उपदफा (१) बमोजिमको स्थापना गरिएको शाखाबाट सम्पादन हुने दैनिक कार्यक्रम सञ्चालनका लागि समितिको संयोजकले सम्बन्धित क्षेत्रमा ज्ञान भएको नगरपालिका मातहत कार्यालयमा कार्यरत कुनै कर्मचारीलाई शाखाको फोकल पर्सनको थप जिम्मेवारी दिन सक्नेछ र तोकिए बमोजिमको थप जिम्मेवारी उत्कृष्ट कार्यसम्पादन गरे वापत अतिरिक्त प्रोत्साहन स्वरुप मासिक रु. १८,०००।- मा नबढ्ने गरी उपलब्ध गराउन सक्नेछ ।
(३) उपदफा (२) बमोजिम गैर सरकारी संघ संस्था सञ्चालन तथा व्यवस्थापनको दैनिक कार्यसम्पादन गर्ने जिम्मेवारी तोकिएको फोकल पर्सनको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-
(क) संयोजकको सल्लाह र निर्देशन बमोजिम समितिको बैठक बोलाउने, कार्यसूचि (एजेण्डा) तयार गर्ने, बैठकमा निर्णयार्थ पेश गर्ने ।
(ख) समितिसंग सम्बन्धित सूचना, तथ्याङ्क तथा अभिलेखहरु दुरुस्त राख्ने र अद्यावधिक गर्ने ।
(ग) गैसस सम्बन्धी विवरणहरु सूचनाहरु समिति समक्ष पेस गर्ने, ।
(घ) संयोजकले तोकेको दायित्व बहन गर्ने बैठकको निर्णय माइन्युट गर्ने,
(ङ) विकास साझेदार संघ संस्थाहरु, नगरपालिका कार्यालय र अन्य शाखाहरुसंग समन्वय, सहकार्य, लगायत अन्य आवश्यक कार्यहरु गर्ने,
(च) नगरपालिका र गैर सरकारी संघ संस्थाहरुले नगरपालिका क्षेत्रभित्र लागु गर्ने कार्यक्रम तथा योजना निर्माण गर्न आवश्यक सहयोग गर्ने,
(छ) गैर सरकारी संघ संस्थाहरुले सञ्चालन गरेको योजना तथा कार्यक्रमहरुको मासिक प्रगति प्रतिवेदन तयार गरी समिति र प्रमुख प्रशासकीय अधिकृत समक्ष पेस गर्ने
(ज) कार्यपालिकाले तोके बमोजिम अन्य कार्य गर्ने ।

१३. **नगरपालिकासंग समन्वय गर्नुपर्ने :** (१) यस कार्यविधि अन्तर्गत सूचीकृत भएका संस्थाहरूले नगरपालिका क्षेत्रभित्र कार्यक्रम सञ्चालन गर्दा नगरपालिका संग अनिवार्य समन्वय गर्नुपर्नेछ र त्यसरी समन्वयमा आउने गैर सरकारी संघ संस्थाहरुलाई समितिले अद्यावधिक गर्दै जानुपर्नेछ ।
(२) गैर सरकारी संघ संस्थाहरुले नगरपालिका क्षेत्रभित्र कार्यक्रम सञ्चालन गर्दा कार्यक्रमको प्रकृति हेरी देहाय बमोजिम नगरसभामा पेश गर्नुपर्ने वा समन्वयको आधारमा सामान्य जानकारी गराई कार्यक्रम सञ्चालन गर्नुपर्नेछ :-
(क) एक बर्ष भन्दा छोटो अवधिको परियोजनाहरु, सभा, सम्मेलन, गोष्ठी, तालिम, कार्यशाला, नागरिक शिक्षा, सुशासन तथा जवाफदेहिता प्रबर्धन, मानव अधिकार प्रबर्धन, सर्वेक्षण र अध्ययन अनुसन्धान सम्बन्धी कार्यक्रमहरु संचालन गर्नु पूर्व नगरपालिकालाई लिखित रुपमा जानकारी गराई कार्यक्रम सञ्चालन गर्ने र कार्यक्रम सम्पन्न पश्चात प्रतिवेदन नगरपालिकामा पेश गर्नुपर्नेछ ।
(ख) नगरपालिकाको नियमित र बिषयगत कामसंग मेल खाने प्रकृतिका परियाजेना तथा कायर्क्रमहरुमा नगरपालिकासंग समन्वय गररे काम गर्न सक्ने ।
(ग) एक बर्ष भन्दा लामो एवं वहुबर्षीय भौतिक निर्माणका परियोजना वा कुनै कार्यक्रम संचालन



खण्ड ७ (संख्या १४) चैत्र १७ गते २०८१ साल

गर्नु परेमा समन्वय समिति मार्फत नगरपालिकाको नगरसभाबाट स्वीकृति लिएर काम गर्न सक्ने ।
(घ) गै.स.स.हरुले संचालन गर्ने एक बर्ष भन्दा लामो वा वहुबर्षीय परियोजना वा कार्यक्रम स्थानीय योजना तर्जुमा प्रक्रिया मार्फत नगरपालिकाको एकीकतृ बार्षिम कायर्क्रम तथा बजटेमा समावेश हुने गरी पेश गर्ने र नगरसभाबाट स्वीकृत गराउनुपर्ने ।
(३) माथि उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भएता पनि नगपालिकाको नगर सभा सम्पन्न भईसकेको अवस्थामा त्यस्ता कुनै गै.स.स.हरुको कार्यक्रम बजेट स्वीकृत गर्नु पर्ने भएमा नगरपालिकाको आगामी नगरसभावाट अनुमोदन हुने गरि नगरकार्यपालिकाले स्वीकृत गराउनु पर्नेछ ।

## परिच्छेद– ४
## गैरसरकारी संस्था र नगरपालिकाको योजना तर्जुमा सम्बन्धी व्यवस्था

१४. **योजना तर्जुमा प्रक्रियामा गै.स.स.हरुको सहभागिता :** (१) नगरपालिकामा सुचीकृत भई काम गर्ने गैर सरकारी संघ संस्थाहरुले नगरपालिकाको योजना निर्माण प्रकृयामा एकद्धार प्रणली मार्फत कार्यक्रम सञ्चालन गर्ने गरि आवश्यक सहयोग गर्नुपर्नेछ ।
(२) सम्वन्धित विषय र क्षेत्रको सूचना संकलनमा नगरपालिकाको आवश्यकतानुसार सहयोग गर्नुपर्नेछ ।
(३) नगरपालिकाको योजना निर्माण प्रक्रियाको प्रारम्भिक चरणदेखि नै बैठकमा सम्वन्धित गै.स.स.हरुले सहभागिता, प्रतिनिधित्व र समन्वय गर्नुपर्नेछ ।
(४) गै.स.स.हरुले सम्वन्धित विषय र क्षेत्रमा कार्यक्रमको दोहोरोपन हटाउन नगरपालिकालाई सहयोग गर्नुपर्नेछ ।
(५) गै.स.स.हरुले स्थानीय तहका योजना निर्माण र कार्यान्वयनबारे जनचेतना अभिवृद्धिमा आवश्यक सहयोग गर्नुपर्ने छ ।

१५. **योजना कार्यान्वयन र साझेदारी :** (१) नगरपालिका र विषयगत कार्यालयहरुको योजना कार्यान्वयनमा गै.स.स.हरुले आफ्नो स्रोत र क्षमतानुसार आर्थिक तथा प्राविधिक साझेदारी गर्नुपर्नेछ ।
(२) नगरपालिकामा संचालित विकास आयोजनाहरुको गुणस्तर अभिवृद्धिका लागि अनुरोध भई आएमा गै.स.स. हरुले आवश्यकतानुसार ज्ञान, सीप, परामर्श तथा सुझाव उपलब्ध गराउनु पर्नेछ ।
(३) परियोजना समीक्षा बैठकहरुमा सहभागी हुने र पृष्ठपोषण दिनुपर्नेछ ।
(४) नगरपालिकाले विभिन्न विषयगत क्षेत्रका कार्यक्रमहरु प्रभावकारी कार्यान्वनका लागि नगरपालिकाभित्र सूचिकृत भएका गै.स.स.हरुलाई छनौंट गरी साझेदारीमा कार्यक्रम संचालन गर्ने गरी परिचालन गर्न सक्नेछ ।
(५) नगरपालिका र गै.स.स. वीचमा नियमित समन्वय, सहकार्य र साझेदारी हुनुपर्नेछ ।

१६. **गैससका कार्यक्रमको अनुगमन तथा मुल्याङ्कन गर्न सक्ने :** (१) नगरपालिकाले यस कार्यविधि बमोजिम सुचीकृत भई काम गर्ने गैर सरकारी संघ संस्थाहरुको कार्यको अनुगमन तथा मुल्याङ्कन देहाय बमोजिम गर्न सक्नेछ ।
(क) गैरसरकारी संस्थाहरुबाट सम्पादित कार्यहरुको अनुगमन तथा मुल्याङ्कन सम्वन्धित संस्थाले समन्वय समितिमार्फत निरन्तर रुपमा गराउनु पर्नेछ । अनुगमन सम्वन्धि सम्पूर्ण खर्चहरु सम्वन्धित संस्था आफैले व्यहोर्नु पर्नेछ ।
(ख) उपरोक्तानुसार भएको अनुगमन एवं मूल्यांकनको आधारमा प्राप्त प्रतिवेदन अनुसार गैससहरुले उनीहरुको कार्यमा सुधार ल्याउनु पर्नेछ ।
(ग) गैससहरुको नियमित अनुगमन गर्न, कार्यमा दोहोरोपना हटाउन, आपसि समन्वय एवं कार्य

साझेदारीलाई प्रवर्धन गर्न यस कार्यविधि बमोजिम गठित समन्वय समितिले नगर उपप्रमुखको संयोजकत्वमा एक संयुक्त कार्यदल गठन गरी निरन्तर अनुगमन प्रणालीको स्थापना गर्नेछ ।

(घ) समन्वय समितिले गैससका कार्यको अनुगमन एवं मूल्यांकन गर्न सोको आधार, सुचक, अन्य उपयुक्त विधिहरु समेतको विकास गरि सो आधारमा उनिहरुको कार्य, उद्धेश्य र उपलब्धि वीचको सम्वन्ध समेतको विश्लेषण गरि अनुगमन एवं मूल्यांकन गर्नेछ।

(२) गैससहरुले संचालन गरेका कार्यक्रमहरुको सम्बद्ध निकायहरुको सहभागितामा संयुक्त अनुगमन एवं नियमीत अनुगमन गर्ने व्यवस्था समन्वय समितिले मिलाउनु पर्नेछ। अनुगमन पश्चात अनिवार्य रुपमा अनुगमन प्रतिवेदन तयार गरि समन्वय समितिमा पेश गरि सो उपर छलफल गरी समितिले पृष्ठपोषण गर्नुपर्नेछ र यस्तो पृष्ठपोषण सम्वन्धित संस्थाले पालना गर्नुपर्नेछ।

## परिच्छेद ५
## गैरसरकारी संघ संस्थाको प्रवर्धन, क्षमता विकास र नियमन

**१७. गैससहरुको प्रवर्धन, क्षमता विकास र नियमन गरिने :** (१) नगरपालिकाले गैससहरुको प्रवर्धन, क्षमता विकास र नियमन देहाय बमोजिम गर्न सक्नेछ :-

(क) गैससको स्थापना, दर्ता, नविकरण जस्ता कार्यमा गैसस महासंघ जिल्ला/नगर कार्य समितिले सहजीकरण गर्ने छ एवं कार्यहरुको सरलीकरण गर्न सहयोग गर्ने छ।

(ख) गैससका कार्यलाई सहजिकरण गर्न नगरपालिकामा एक गैसस कक्ष स्थापना गर्न सकिनेछ ।

(ग) गैससहरुको कार्यको मूल्यांकन गरि उत्कृष्ट कार्य गर्ने संस्थालाई प्रशंसापत्र, नगद वा अन्य पुरस्कार प्रदान गर्ने तथा उद्देश्य विपरित कार्य गर्नेलाई नविकरण कार्य रोक्का गर्न सकिनेछ ।

(घ) गैसस वा संलग्न जनशक्तिको क्षमता विकासको लागि समन्वय समितिले गैसस महासंघ जिल्ला/नगर कार्य समितिको समन्वयमा आवश्यक योजना बनाई नगर कार्यपालिकामा पेश गरि स्वीकृत भएपछि सो अनुसारका क्षमता विकासका कार्यक्रमहरु लागु गर्न सक्नेछ।

(ङ) गैससहरुको नियमन गर्दा नकारात्मक विधि भन्दा सहजकारी, उत्तरदायिपूर्ण र सकारात्मक वातावरण सिर्जनाका माध्यमबाट गरिनेछ।

(च) नगरभित्रका एवं वाह्य सहयोगदाताहरुलाई गैससमार्फत कार्यक्रम कार्यान्वयन गर्न उचित पैरवी समेत तत्परताका साथ गरिनेछ।

(२) माथि उपदफा (१) मा उल्लेख भए बाहेक नगरपालिकाले गैर सरकारी संघ संस्थाहरुको नियमन देहायका मूल्याङ्कनका आधारहरु बमाजिम गरिनेछ।

(क) संस्थाको दीर्घकालिन सोच, उद्देश्य र रणनीति प्रष्ट उल्लेख भएको।
(ख) संस्थाको कार्यक्रमको दिगोपनाबारे सम्बद्ध जनशक्तिलाई जानकारी भएको।
(ग) गैसस सुशासन, व्यवस्थापकीय पक्ष र व्यवहार स्पष्ट भएको।
(घ) संचालित वा सम्पन्न कार्यहरूको राम्रो अलिभेख भएको।
(ङ) सूचना तथा संचार र प्रतिवेदन प्रणाली व्यवस्थित भएको।
(च) स्थानीय स्रोत र साधनको अधिकतम परिचालन भएको।
(छ) कार्यहरू संख्यात्मकमात्र नभई गुणात्मक पनि भएको।
(ज) आन्तरिक र बाह्य सम्बन्ध राम्रो भएको।
(झ) सूचकहरूको स्पष्टता र कार्ययोजना भएको।
(ञ) कार्यहरू तोकिएको समयमा सम्पन्न भएको।
(ट) कार्यहरूमा सुशासन, पारदर्शिता, नियमितता र नेतृत्व प्राप्त भएको।





(ठ) वार्षिक रुपमा सार्वजनिक लेखा परीक्षण, सामाजिक परीक्षण तथा लेखा परीक्षण भएको।
(ड) अन्य आवश्यक सुचकहरु समितिले वनाई अवलम्वन गरीएको।
(ढ) स्थानीय सरकारसंग साझेदारी एवं समन्वय गरेको।

**१८. गैर सरकारी संघ संस्थाहरुले आचार संहिता पालना गर्नुपर्ने :** यस कार्यविधि बमोजिम नगरपालिकामा काम गर्ने गैर सरकारी संघ संस्थाहरुले गैर सरकारी संघ संस्था महासंघले तयार गरेको आचारसंहिता पूर्णतः पालना गर्नु पर्नेछ र उनीहरुको कार्यको मुल्यांकन गर्दा उक्त आचारसंहिता पालनाको स्तर समेतलाई आधार मानीनेछ।

## परिच्छेद- ६
## वैदेशिक सहयोग तथा अन्तर्राष्ट्रिय गैसस सम्वन्धमा

**१९. वैदेशिक सहयोग :** नगरपालिकामा बैदेशिक सहयोग मार्फत परिचालन हुने कार्यक्रम नगरपालिकामा यस कार्यविधि बमोजिम सुचीकृत भएका गैर सरकारी संघ संस्थाहरु मार्फत मात्र परिचालन गरिनेछ ।

**२०. एकद्वार प्रणाली सम्वन्धमा :** यस कार्यविधि बमोजिजम सुचीकृत भई यस नगरपालिकामा कार्यक्षेत्र रहेका सम्पूर्ण गैर सरकारी संघ संस्थाहरुले कुनै पनि कार्यक्रमहरुलाई दोहोरोपन हुन नदिन एकद्वार प्रणाली अपनाइनेछ। साथै कार्यक्रम नगरसभाबाट पारित गर्नुपर्ने वा गैससमार्फत कार्यक्रमको पूर्व स्वीकृति लिएर मात्र कार्यान्वयन गर्नुपर्नेछ।

**२१. अन्तर्राष्ट्रिय गैसस सम्वन्धमा :** (१) नगरपालिकामा काम गर्न चाहने अन्तरर्राष्ट्रिय गैरसरकारी संस्थाहरुले नगरपालिकामा सूचिकृत भएका गैरसरकारी संस्था मार्फत मात्र कायक्रम सञ्चालन गर्नु पर्नेछ ।

(२) कुनै पनि अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाले आफ्नो कार्यक्षेत्र रहेको नगरपालिकामा कार्यालय स्थापना गरि कार्यक्रमको प्रत्यक्ष कार्यान्वयन गर्न पाउने छैन।

## परिच्छेद ७
## विविध

**२२. वाधा अड्काउ फुकाउने तथा संशोधन गर्न सक्ने :** (१) यो कार्यविधि कार्यान्वयन गर्न कुनै वाधा अड्काउ परेमा नगरपालिकाले त्यस्तो वाधा अड्काउ हटाउन आदेश जारी गर्न सक्नेछ।

(२) यस कार्यविधिमा आवश्यक संशोधन गर्नु परेमा नगर कार्यपालिकाले आवश्यक संशोधन गर्न सक्नेछ।

**२२. बचाउ र खारेजी :** (१) यो कार्यविधिमा लेखिएको हकमा यसै अनुसार र नलेखिएको कुरामा प्रदेश, संघीय एवं प्रचलित कानून वमोजिम हुनेछ।

(२) यो कार्यविधिका कुनै दफा वा उपदफा नेपालको संविधान तथा संघ प्रदेश कानूनसंग बाझिएको हद सम्म स्वतः निस्क्रिय हुनेछ।

(३) गैरसरकारी संस्था समन्वय, सहकार्य, परिचालन तथा अनुगमन सम्बन्धी कार्यविधि, २०८० खारेज गरिएको छ।

अनुसूचि १
(दफा ५ संग सम्बन्धित)
सूचिकृत प्रमाण पत्रको ढाँचा

श्री चामुण्डाबिन्द्रासैनी नगरपालिका
जम्बुकाँध, दैलेख, कर्णाली प्रदेश, नेपाल
सुचीकृत प्रमाण पत्र
सूचिकृत नं. ........ मिति :

........................................................ (संस्थाको नाम र ठेगाना) लाई चामुण्डाबिन्द्रासैनी नगरपालिकाको गैरसरकारी संस्था समन्वय, सहकार्य, परिचालन तथा अनुगमन सम्बन्धी कार्यविधि, २०८१ को दफा ५ बमोजिम ............. साल ......... महिना ......... गते सूचिकृत गरि यो प्रमाण पत्र प्रदान गरिएको छ ।

मिति : ..................

..................................
प्रमुख प्रशासकिय अधिकृत

**आज्ञाले**
**भलाराम पंगाली**
**प्रमुख प्रशासकीय अधिकृत**



खण्ड ७ (संख्या १४) चैत्र १७ गते २०८१ साल